नगर कार्यपालिकाको ६९ औं बैठक मिति २०८३।०४।२१ गते प्रस्ताव र निर्णयको संक्षिप्त व्यहोरा

| सि.न | प्रस्ताव तथा विषय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | कर्मचारीको स्तरबृद्धि गर्ने सम्बन्धमा । | यस मुसीकोट नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृतस्तर सातौ तह ईन्जिनियर पदमा कार्यरत तुफान जि जंग के.सी. लाई कर्णाली प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन पहिलो संशोधन ऐन २०८२ मा व्यवस्था भए बमोजिम अधिकृतस्तर आठौ तह बरिष्ठ ईन्जिनियर पदमा स्तरबृद्धि गर्ने । |
| २ | आ.व. २०८३।०८४ को स्वीकृत योजना कार्यान्वयन सम्बन्धमा। | स्वीकृत योजनाहरु समय मै सम्पन्न गर्नका लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने योजनाहरुको २०८३ साल भाद्र मसान्त भित्र ठेक्का बन्दोबस्ती गर्ने र उपभोक्ता समिति मार्फत गरिने योजनाहरुको योजना लागत अनुमान तयारी उपभोक्ता समितिको गठन तथा योजना सम्झौताको कार्य २०८३ साल आश्विन मसान्तसम्ममा गर्ने । |
| ३ | कर्मचारीहरुको सेवा करार सम्बन्धमा। | २०८३ साल असार मसान्तमा करार म्याद सकिएका यस नगर कार्यपालिकाको कार्यालय अन्तरगत सेवा करारमा कार्यरत शिक्षक र कर्मचारीहरुको यस अघि उपलव्ध गराईएको सेवा सुविधामा नबढने गरी सेवा करारलाई निरन्तरता दिने तथा कार्यालय प्रमुखले आवश्यकताका आधारमा खटन पटन गर्ने । |
| ४ | निर्माण कार्यको ठेक्का व्यवस्थापन सम्बन्धमा। | प्रस्ताव नं. ४ को निर्माण कार्यको ठेक्का व्यवस्थापन सम्बन्धमा छलफल गर्दा सोलाबांग झुल्खेत घट्टेखोला क्वम्मा घोरखानी सडक मुसीकोट रुकुम पश्चिमको म्याद थप र गणेशमान सिंह स्मृती सभा हल निर्माण मुसीकोट न.पा. १ को ठेक्का बन्दोबस्तको कारबाहीका सम्बन्धमा भएका कानूनी व्यवस्थाका बारेमा थप छलफल तथा अध्ययन गरी आवश्यक निर्णयका लागि अर्को बैठकमा पेश गर्ने। |

मुसीकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुसीकोट, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत